# नेपाल राजपत्र
## नेपाल सरकारद्वारा प्रकाशित
## खण्ड ४९ काठमाडौं, साउन २४ गते २०५६ साल संख्या १७
### भाग ३
### नेपाल सरकार
### स्थानीय विकास मन्त्रालयको सूचना
### स्थानीय विकास कोष नियमावली २०५६

आर्थिक ऐनद्वारा सालबसाली रुपमा लगाईने स्थानीय विकास शुल्क सम्बन्धी कोषको व्यवस्थापन गर्न, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरुको नाम "स्थानीय विकास शुल्ककोष (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्थानीय विकास शुल्क कोष सम्भन्नु पर्दछ।

(ख) "स्थानीय विकास शुल्क" भन्नाले सालबसाली आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको स्थानीय विकास शुल्क सम्भन्नु पर्छ।

(ग) "समिति" भन्नाले नियम ६ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्भन्नु पर्छ।

**३. कोषको स्थापनाः**

(१) स्थानीय विकास शुल्क कोष नामको एक कोषको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्।

(क) नेपाल सरकारवाट प्राप्त हुने रकम,

(ख) नियम ४ बमोजिम प्राप्त हुने रकम,

(ग) अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम।



**४. कोषमा रकम जम्मा गर्ने :**

(१) नेपाल अधिराज्यका भन्सार कार्यालयहरुवाट सालबसाली आर्थिक ऐन बमोजिम लगाइने स्थानीय विकास शुल्क उठाई सो रकम कोषमा जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने कर्तव्य स्थानीय विकास शुल्क उठाउने कार्यालय प्रमुखको हुनेछ।

(३) नेपाल सरकारले तोके बमोजिमको रकम अर्थ मन्त्रालयले कोषमा अग्रीम रुपमा जम्मा गरिदिने छ। समितिले उक्त रकम कोषमा पनि सोधभर्ना गर्नु पर्ने छ।

(४) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने कार्यविधि समितिले तोके बमोजिम हुने छ।

**५ कोषको प्रयोग**

कोषमाजम्माभएकोरकमनगरपालिकाको कार्य सञ्चालन र नगरपालिकाद्वारा सञ्चालित बिकास निर्माण कार्यको लागि खर्च गर्ने गरी वितरण गरिनेछ।

**६ कोष सञ्चालन समिति**

(१) नियम ५ बमोजिम रकम विनियोजन गर्न तथा विनियोजित रकमवाट सञ्चालित कार्यको अनुगमन गर्नको लागि देहाय बमोजिमको संचालक समिति गठन हुने छ :

(क) सचिव, स्थानीय विकास मन्त्रालय – अध्यक्ष
(ख) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) अर्थ मन्त्रालय – सदस्य
(ग) महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय – सदस्य
(घ) प्रतिनिधि, नेपाल नगरपालिका संघ – सदस्य
(ङ) स्थानीय विकास मन्त्रालयले तोकेको अधिकृत –सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थीत गर्न सक्नेछ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत अर्थ मन्त्रालको स्वीकृति लिई समितिले तोकि दिए बमोजिमको बैठक भत्ता पाउने छन।

(४) समितिको कार्य संचालन गर्न र कोषको उपयोग सम्बन्धमा अनुगमन गर्न आवश्यक पर्ने जनशक्ति र बजेट समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(५) उपनियम (४) को प्रयोजनको लागि समितिले स्वीकृत गर्ने बजेटको अधिकतम हद कोषको रकमको एक प्रतिशत भन्दा बढी हुनेछैन।

७ कोषको व्यवस्था र सञ्चालन

(१) यस नियमावली बमोजिम कोषमा जम्मा हुने रकम समितिले तोकिदिएको बैंकमा खाता खोली जम्मा गरिने छ ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको संचालन समितिले तोकेको कुनै पदाधिकारी र सदस्य सचिवको संयुक्त दस्तखतवाट हुनेछ ।

(३) कोषमा जम्मा भएको रकम मध्येवाट समितिले तोके बमोजिमको रकम बचत गरी जगेडा कोषको रुपमा राख्न सकिनेछ । त्यस्तो रकम समितिले निर्णय गरी देहाय बमोजिमको कार्यको निमित्त खर्च गर्न सक्नेछ र त्यसरी खर्च भएको रकम यथाशिघ्र जगेडा कोषमा दाखिला गरी सोधभर्ना गर्नु पर्नेछ ।

(क) नगरपालिको लागतसहभागिताको आधारमा पूर्वाधार विकास तथा दीर्घकालिन आय अर्जन सम्बन्धि कार्यमा,

(ख) दैविप्रकोप वा अन्य आकस्मिक कार्यमा,

(ग) नगरपालिकाले नेपाल सरकार वा अन्य निकायलाई तिर्नु बुझाउनु पर्ने रकम तिर्ने कार्यमा ।

८ कोषको विवरण

(१) कोषमा जम्मा भएको रकम समितिले निर्धारण गरेको मापदण्ड र प्रक्रियाको आधारमा वितरण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषको रकम वितरण गर्दा आर्थिक वर्ष २०५४/५५ मा सम्वन्धित नगरपालिकाले चुंगीकरवाट आर्जन गरेको आम्दानी भन्दा कम नहुने गरी वितरण गर्नु पर्नेछ ।

(३) यो नियम प्रारम्भ भएपछि नया गठन हुने नगरपालिकाको लागि समेत यस नियमावली बमोजिमको रकम उपलब्ध गराईनेछ । त्यसरी उपलब्ध गराईने रकम सवैभन्दा कम निकासा पाउने नगरपालिकाले प्राप्त गर्ने रकम भन्दा कम हुने छैन ।

८ (क) स्थानीय विकास शुल्क रोक्का गर्न सक्ने

नगरपालिकाले आर्थिक कारोवार संचालन गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलि, २०५६ बमोजिम रीत नपुऱ्याई कार्य गरेको पर्याप्त आधार र प्रमाण भएमा समितिले स्थानीय विकास शुल्क रोकका गर्न सक्नेछ ।



तर नगरपालिकाले आफ्नो आर्थिक कारोवार संचालनमा सुधार ल्याई सोको जानकारी समितिलाई दिएमा रोक्का भएको रकम फुकुवा गरी निकासा दिन सकिनेछ ।

९ परामर्श लिन सक्ने

समितिले यस नियमावलि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त संभ्रेका व्यक्ति वा निकायसंग परामर्श लिन सक्नेछ ।

१० लेखा र लेखापरीक्षण

(१) कोषको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागवाट हुनेछ ।

११ सहयोग गर्नु पर्ने

समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सवै सरकारी कार्यलय तथा संथाहरुले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२ नेपाल सरकारसंग संपर्क

समितिले नेपाल सरकारसंग संपर्क राख्नु पर्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३ अधिकार प्रत्यायोजन

समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केहि अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य सचिव वा स्थानीय विकास मन्त्रालयका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले
उदयराज सोती
नेपाल सरकारको सचिव

# जगेडाकोष सञ्चालन कार्यविधि, २०६६

स्वीकृत मितिः २०६६/०९/२३
प्रथम संशोधन मितिः २०६७/०९/०७
दोस्रो संशोधन मितिः २०६९/०६/२८

१ **प्रस्तावनाः** स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ को नियम ७ को उपनियम (३) मा स्थानीय विकास शुल्क कोषमा जम्मा भएको मौज्दात रकम तथा नेपाल सरकारबाट प्राप्त रकमलाई स्थानीय विकास शुल्क कोष सञ्चालक समितिले निर्णय गरी नगरपालिकाको लागत सहभागिताको आधारमा विभिन्न किसिमका पूर्वाधार विकास तथा अन्य विकासमूलक कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो "जगेडाकोष सञ्चालन कार्यविधि, २०६६" बनाई जारी गरिएको छ ।

२ **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यो कार्यविधिको नाम "जगेडाकोष सञ्चालन कार्यविधि, २०६६" रहेको छ ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट लागू गरिने छ।

३ **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कोष" भन्नाले स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ को नियम ७ को उपनियम (३) बमोजिम स्थापना भएको जगेडाकोषलाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता समिति" भन्नाले जगेडाकोषबाट सञ्चालन हुने आयोजनाका उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

(ग) "स्थानीय निकाय संयुक्त समिति" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ग अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "स्थानीय विकास शुल्क" भन्नाले साबिकमा सालवसाली आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको स्थानीय विकास शुल्क तथा आर्थिक वर्ष २०६५/६६ देखि नेपाल सरकारले उक्त कोषमा उपलब्ध गराएको रकमलाई समेत सम्झनु पर्छ ।

(ङ) "आन्तरिक स्रोत" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद-७ बमोजिम नगरपालिकालाई प्राप्त हुने रकमलाई बुझ्नु पर्छ ।

४ **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

४.१ जगेडाकोष सञ्चालन सम्बन्धी प्रकृया र कार्यविधिलाई सरल, स्पष्ट र पारदर्शी बनाउने ।



४.२ नगरपालिकालाई लागत सहभागिताका आधारमा आयोजना सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

४.३ संस्थागत क्षमताको हिसावले कमजोर देखिएका तथा न्यून भौतिक पूर्वाधार भएका नगरपालिकाहरूलाई सहयोग पुऱ्याउने ।

५. **कोषबाट सञ्चालन हुने क्षेत्र, आयोजना र लागत सहभागिता**

५.१ जगेडाकोषबाट नगरपालिकाहरूले आयोजना सञ्चालन गर्दा देहाय बमोजिमका आयोजनाहरूमा कम्तीमा देहाय बमोजिमको लागत सहभागिता जुटाउनु पर्नेछ । यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा सम्भव भएसम्म भिन्न क्षमता भएका (Disable) व्यक्तिहरुको सहज पहुँच पुग्ने गरी गर्नुपर्नेछ ।

(क) **स्वास्थ्य, सरसफाई तथा वातावरण**

| | | |
|---|---|---|
| १ | ल्याण्डफिल साइट र कम्पोष्ट प्लाण्ट निर्माण तथा व्यवस्थापनः | बीस प्रतिशत |
| #१(अ) | ल्याण्डफिल्ड साइटको लागि जग्गा खरिदः | बीस प्रतिशत |
| #१(आ) | पूर्वाधार विकासको ठोस कार्ययोजना सहित फोहोरमैला न्यूनिकरण कार्यक्रमः | बीस प्रतिशत |
| २ | मसानघाट, शवदाह गृह निर्माण तथा व्यवस्थापन : | बीस प्रतिशत |
| ३ | सार्वजनिक सम्पत्ति, ताल, कुण्ड, पोखरीको जीर्णोद्वार तथा संरक्षण : | बीस प्रतिशत |
| ४ | खानेपानी निर्माण तथा व्यवस्थापनः | तीस प्रतिशत |
| ५ | सार्वजनिक वा लक्षित समुदायका लागि शौचालय तथा शहरी सेवा केन्द्र निर्माण तथा त्यसको सञ्चालन : | तीस प्रतिशत |
| ६ | सफ्टी ट्याङ्क सफा गर्ने सक्सन ट्याङ्कर, फोहरमैला प्रयोजनका लागि टिपर, ट्रयाक्टर, मेशिन औजार आदि खरिद तथा सञ्चालन : | तीस प्रतिशत |
| ७ | सार्वजनिक स्नानगृह निर्माण तथा त्यसको सञ्चालन : | तीस प्रतिशत |
| ≠८ | नगरस्तरीय अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य उपकेन्द्रको पूर्वाधार निर्माण तथा सञ्चालनः | तीस प्रतिशत |

---

# पहिलो संशोधनद्वारा थप
≠ दोस्रो संशोधनद्वारा संशोधित
#

तर कूल लागतको बीस प्रतिशत भन्दा बढी हुने गरी मेशिनरी औजार तथा अन्य सामग्री समावेश गर्न पाइने छैन ।

९ प्रकोप व्यवस्थापन, आगलागी, बाढी, पहिरो नियन्त्रण तथा रोकथाम : तीस प्रतिशत

१० ढल प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापनः तीसप्रतिशत

≠११ नगरपालिकाको स्वामित्वमा रहेको वा नगरपालिकालाई भोगाधिकार प्राप्त जग्गा वा सार्वजनिक ऐलानी एवं पर्ति जग्गा वा सरकारी जग्गामा वृक्षारोपण, हरियाली पार्क, हरितमार्ग, क्रीडास्थल, बाल उद्यान तथा ज्येष्ठ नागरिकहरूका लागि आराम गर्ने स्थल आदिको निर्माण, संरक्षण तथा व्यवस्थापन, नगरपालिकाको स्वामित्वमा रहेको वा सरकारबाट अनुमति लिएको सरकारी जग्गामा बृद्धाश्रमको निर्माण, संरक्षण एवं व्यवस्थापन, हरित नगर प्रवर्द्धन कार्यक्रम : तीस प्रतिशत

#१२ दमकल खरिदः दश प्रतिशत

+१३ नगरक्षेत्रभित्रको सडक, घर जस्ता संरचना भत्काउदा निस्कने कंक्रिट, ढुङ्गा, गिटी, बालुवा लगायतका सामग्री प्रशोधन गरी पुनः प्रयोगमा ल्याउन सक्ने कार्यक्रमः तीस प्रतिशत

**(ख) भौतिक पुर्वाधार**

१ ऐतिहासिक, पुरातात्विक, पर्यटकीय, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनः बीस प्रतिशत

≠२ उच्च माध्यमिक तहसम्मको सामुदायिक विद्यालय भवन निर्माण र भौतिक सुविधा विस्तार : चालीस प्रतिशत

तर कुल लागतको दश प्रतिशत भन्दा

---

≠ दोस्रो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वारा थप

+ दोस्रो संशोधनद्वारा थप

#

#



बढी हुने गरी फर्निचर तथा अन्य सामग्री समावेश गर्न पाइने छैन ।

≠३ मोटरेवल पुल तथा कल्भर्ट निर्माणः तीस प्रतिशत

४ बस टर्मिनल, बसपार्क निर्माण : चालीस प्रतिशत

५ राजमार्ग बाहेकका सडकहरूमा ढल निर्माणः चालीस प्रतिशत

६ सौर्य, जल श्रोत तथा वायूशक्ति उपयोग सम्बन्धी कार्यक्रमः चालीस प्रतिशत

७ शीत भण्डार निर्माण तथा बजार व्यवस्थापनः चालीस प्रतिशत

≠८ नगरपालिकाको आफ्नो नगर सभा भवन नभएको अवस्थामा नगरपालिकाको स्वामित्व भएको वा भोगाधिकार प्राप्त जग्गामा निर्माण हुने नगर सभा भवनः तीस प्रतिशत

९ पसलघर निर्माण तथा बजार व्यवस्थापनः पचास प्रतिशत

१० आकाशे पुल, सूरूङमार्ग निर्माणः पचास प्रतिशत

≠११ सडक निर्माण, पिच, कंक्रिट, ढलान तथा सडक आइल्याण्ड तथा फूटपाथ निर्माणः पचास प्रतिशत

१२ दृश्यावलोकन टावर ९ख्भध त्यधभच० निर्माणः पचास प्रतिशत

#१३ नगरपालिका कार्यालय भवन निर्माणः तीस प्रतिशत

#१४ पशु बधशाला निर्माणः तीस प्रतिशत

+१५ नगरपालिकाको स्वामित्वमा निर्माण हुने पुस्तकालय तथा वाचनालय भवन निर्माणः तीस प्रतिशत

**(ग) आय आर्जनः**

१ गरीबी न्यनीकरणमा टेवा पूऱ्याउने आय आर्जन लगायतका कार्यक्रमः तीस प्रतिशत

**#(घ) दातृ-निकायहरुको सहयोग र साझेदारीमा सञ्चालित कार्यक्रमको लागि समपुरक रकमः**

स्थानीय विकास शुल्ककोष सञ्चालक समितिले निर्णय गरी दातृ निकायहरुको सहयोग र साझेदारीमा सञ्चालित कार्यक्रमको लागि सम पुरक रकम उपलब्ध गराउन सक्नेछ ।

---

≠ दोस्रो संशोधनद्वारा संशोधित

# पहिलो संशोधनद्वारा थप

+ दोस्रो संशोधनद्वारा थप

#

यस्तो समपुरक रकम उपलब्ध गराउदा दफा ५.१(क), (ख) र (ग) मा उल्लेख भए बमोजिमको लागत सहभागिता अनिवार्य हुनु पर्नेछ । साथै यो रकम समेत जगेडाकोष कार्यक्रममा नगरपालिकाले पाउने रकम दफा ९ को सीमाभित्र रहनु पर्छ ।

#(ङ) **सार्वजनिक निजी साझेदारी कार्यक्रमः**
सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने कार्यक्रमलाई यस कार्यविधि बमोजिम रकम उपलब्ध गराउन सकिनेछ । निजीक्षेत्र तथा नगरपालिकाको सहभागिताको अंश स्थानीय विकास शुल्क कोष सञ्चालक समितिले तोके बमोजिमद हुनेछ ।

तर निजी क्षेत्रको सहभागिता दफा ५.१ (क), (ख) र (ग) माउल्लेख भए भन्दा कम हुने गरी तोक्न सकिने छैन । यो रकम समेत जगेडाकोष कार्यक्रममा नगरपालिकाले पाउने कूल रकम दफा ९ को सीमाभित्र रहनु पर्छ ।

≠५.२ **समपुरक अनुदानको व्यवस्थाः** दफा ५ को उपदफा (१) मा उल्लेख भएको लागत सहभागितामा चालु आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षमा नियमित स्थानीय विकास शुल्क वापत पचासी लाख रुपैयाँ भन्दा कम विनियोजन भएका नगरपालिकालाई दश प्रतिशत रकम जगेडाकोषवाट स्वीकृत कार्यक्रमको लागि समपुरक अनुदान स्वरूप उपलब्ध गराउन सकिनेछ ।

तर दश प्रतिशत मात्र लागत सहभागिता तोकिएको आयोजनाको हकमा समपुरक कोषबाट रकम उपलब्ध गराइने छैन । उपभोक्ता समिति मार्फत काम गराउँदा उपभोक्ता समितिको लागत सहभागिता कम्तीमा पन्ध्र प्रतिशत अनिवार्य हुनुपर्नेछ । यस कार्यविधिले तोकेको भन्दा बढी लागत सहभागिता जुटाई आयोजना सञ्चालन गर्ने नगरपालिकाले बढी लागत सहभागिता बराबरको रकमबाट अर्को थप नयाँ आयोजना सञ्चालन गर्न वा जगेडाकोषबाट सञ्चालित आयोजनामध्ये कुनै आयोजनामा थप कार्य गर्न स्वीकृतिका लागि प्रस्ताव पठाउन सक्नेछ । यस्तो प्रस्ताव मनासिव देखिएमा स्थानीय विकास शुल्क कोष सञ्चालक

≠ दोस्रो संशोधनद्वारा संशोधित
# पहिलो संशोधनद्वारा थप
#
#



समितिले आयोजना सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ । यस्तो आयोजनाको हकमा दफा ९ को उपदफा (१) बमोजिमको रकम र आयोजनाको संख्याको सीमा गणना गरिने छैन ।

५.३ **जगेडाकोष कार्यक्रमबाट आयोजना सञ्चालन नगरेका नगरपालिकालाई विशेष व्यवस्थाः**
चालु आ.ब.मा जगेडाकोष कार्यक्रमवाट कुनै आयोजना सञ्चालन गर्न माग नगर्ने नगरपालिकालाई सशर्त अनुदानको रुपमा तीस लाख रुपैयाँ सम्म सञ्चालक समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ । यसरी सशर्त अनुदान प्राप्त गरेका नगरपालिकाले सोही आ.व.मा जगेडाकोष कार्यक्रमबाट आयोजना सञ्चालन गरेमा यस अघि उपलब्ध गराइएको सशर्त अनुदान रकम समेत दफा ९ को सीमाभित्र गणना हुनेछ ।

५.४ **उपभोक्ता समितिलाई प्राथमिकता :** ≠(क) कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समितिसँग सम्झौता गर्नु पूर्व जनसहभागिता बापतको रकम नगरपालिकाको खातामा जम्मा गरेको भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने गरी सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत सञ्चालन गराएको पाइएमा सम्झौता रद्द गरी भुक्तानी गरिएको रकम नगरपालिकाले असुल उपर गरी अन्य प्रक्रियाद्वारा आयोजना सञ्चालन गर्नु पर्नेछ ।

≠(ख) उपभोक्ता समितिबाट कार्य गर्न सकिने भएसम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्ने गरी प्रस्ताव गर्नुपर्नेछ ।
तर उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरु जस्तैः सबै प्रकारका भवन निर्माण, पुल कल्भर्ट निर्माण, ढल निर्माण, बस पार्क निर्माण, सडक पिच, कंक्रिट ढलान जस्ता भौतिक पूर्वाधार विकासका आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिसँग लोडर, एक्जाभेटर जस्ता भारी मेशीनरी सामग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्कापट्टाद्वारा सञ्चालन गर्न बाधा पर्ने छैन ।

+५.५ **दमकललाई प्राथमिकता :**
जगेडाकोषबाट कार्यक्रम माग गर्दा दमकल नभएका नगरपालिकाहरुले

+ दोस्रो संशोधनद्वारा थप#
≠ दोस्रो संशोधनद्वारा संशोधित#
#

दमकल खरिदका लागि प्राथमिकता दिएर अन्य आयोजना माग गर्नुपर्नेछ ।

≠६ **नगरपालिकाबाट स्वीकृत योजना जगेडाकोष कर्यक्रममा समावेश गर्ने प्रक्रियाः** नगरपालिकाहरूले जगेडाकोष कार्यक्रमबाट आयोजना सञ्चालन गर्ने गरी निर्णय गरेपछि देहाय बमोजिम कागजातहरु संलग्न राखी जगेडाकोष कार्यक्रममा समावेश गर्न मन्त्रालयमा प्रस्ताव गरी पठाउनु पर्नेछ । यस्तो अनुरोध प्रत्येक मन्त्रालयमा प्राप्त भई सक्ने गरी पठाइसकेको हुनुपर्छ र यस्ता अनुरोधहरु समावेश गरी स्थानीय विकास शुल्ककोष सञ्चालक समितिले फाल्गुण मसान्त भित्र निर्णय गरिसक्नेछ । यसरी नगरपालिकाले आयोजना माग गर्दा स्पष्ट खरिद योजना र औचित्य समेत खुलाइ एउटै दुई बर्षीय आयोजना पनि माग गर्न सक्नेछ । तर नगरपालिकाले एक आर्थिक बर्षमा प्राप्त गर्ने बजेटको सिमा दफा ९ को उपदफा (१) बमोजिम नै हुनेछ ।

(१) नगरपालिकाको निर्णय/परिषद्को निर्णयबाट आयोजना स्वीकृत गरेको निर्णयको प्रमाणित प्रतिलिपि,
(२) आयोजनाको स्वीकृत लागत अनुमान, दर विश्लेषण, ड्रइङ डिजाइन, कार्यतालिकासहितको विवरण (मेशीनरी तथा सवारी साधनको हकमा स्पेसीफिकेशन),
(३) नगरपालिकाबाट कम्तीमा कार्यविधिले तोकेको प्रतिशत तलागत सहभागिताको प्रतिवद्धता,
(४) अनुसूची-१ फाराम ।

७. प्रथम किस्ता रकम माग गर्ने प्रक्रियाः प्रथम किस्ता रकम माग गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पनेछः-
(१) नगरपालिका र ठेकेदार वा उपभोक्ता समिति बीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,
(२) आयोजना कार्यान्वयन कार्ययोजना,
(३) अनुसूची-२ फाराम ।

८ अन्तिम किस्ता रकम माग गर्ने प्रक्रियाः अन्तिम किस्ता रकम माग गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-
(१) आयोजना सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन,
(२) जाचपास तथा फरफारक गरेको नगरपालिकाको निर्णय,

---

≠ दोस्रो संशोधनद्वारा संशोधित



(३) नापी कितावको प्रमाणित प्रतिलिपि,
(४) कन्टिन्जेन्सीबाट खर्च गरिएको रकमको औचित्यपूर्ण विल भरपाईको प्रमाणित प्रतिलिपि,
(५) अनुसूची-३ बमोजिमको फाराम,
+(६) सार्वजनिक परीक्षण गरेको प्रमाणित प्रतिलिपि ।

९ **आयोजना तथा बजेटको सीमाः** जगेडाकोषबाट लागत सहभागितामा आयोजना सञ्चालन गर्दा देहाय बमोजिमको सीमाभित्र रही गर्नुपर्नेछः-

≠ ९.१ नगरपालिकाले एकै पटकमा कुल लागत न्यूनतम तीस लाख रुपैयाँदेखि अधिकतम दुई करोड रुपैयाँसम्मका एउटा वा उल्लेखित सीमाभित्र रहने गरी बढीमा छ वटासम्म आयोजना माग गर्न सक्नेछ ।

तर ठेक्कापट्टाबाट काम गराउँदा घटाघट भई जगेडाकोषबाट प्राप्त गर्ने स्वीकृत रकम बचत हुन गएमा सो रकममा जगेडाकोषबाट थप निकासा नहुने गरी अर्को थप नयाँ आयोजना सञ्चालन गर्न वा जगेडाकोषबाट सञ्चालित आयोजनामध्ये कुनै आयोजनामा थप कार्य गर्न स्वीकृतिका लागि नगरपालिकाले प्रस्ताव पठाउन सक्नेछ । यस्तो प्रस्ताव मनासिव देखिएमा स्थानीय विकास शुल्ककोष सञ्चालक समितिले आयोजना सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ । यस्तो निर्णय यो कार्यविधि लागु हुनुभन्दा अगाडि गरेको भएपनि यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

+१क) दफा ९ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नगरपालिकाले चालु आ.व. भित्रै सम्पन्न गर्ने गरी स्वीकृत भई प्रथम किस्ता रकम निकासा भईसकेको आयोजना कुनै विशेष कारणबस उक्त आ.व. मा सम्पन्न हुन नसकेमा सोको कारण खुलाई आगामी आर्थिक वर्षका लागि क्रमागत आयोजनाका रुपमा कार्यक्रममा समावेश गरिदिन अनुरोध गरी पठाउन सक्नेछ ।
स्थानीय विकास शुल्क कोष सञ्चालक समितिलाई कारण मनासिव लागेमा सोको अनुमति दिन सक्नेछ । उक्त क्रमागत आयोजनाको अन्तिम किस्ता बापत निकासा हुने रकमलाई त्यस नयाँ आर्थिक बर्षको लागत सहभागिता सहितको बजेट दुई करोड रुपैयाँको सिमाभित्र समावेश गरी गणना गरिनेछ ।

---

≠ दोस्रो संशोधनद्वारा संशोधित
+ दोस्रो संशोधनद्वारा थप#
#
#

तर दुई वर्षे आयोजनाको हकमा त्यस्ता आयोजना सम्बन्धी व्यवस्थामा उल्लेख भए बमोजिम हुनेछ ।

+१ख) चालु आर्थिक वर्षका लागि नगरपालिकामा अनुदान वितरण गर्दा आधार मानिएको न्यूनतम शर्त र कार्यसम्पादन मापनको नतिजालाई आधार मानेर प्रथम, द्वितीय र तृतीय हुने नगरपालिकाहरुका लागि क्रमशः अधिकतम पचास लाख, चालीस लाख र तीस लाख रुपैयाको एउटा थप आयोजना स्वीकृत गर्न सकिनेछ । यस्ता आयोजनाको हकमा उपदफा (१) मा उल्लेख भएको बजेट र आयोजना संख्याको सिमालाई गणना गरिने छैन ।

९.२ जगेडाकोषबाट आयोजना माग गर्दा यस कार्यविधिको दफा ५ मा उल्लिखित प्रकृतिका आयोजनाहरू माग गर्न सकिनेछ ।

९.३ दुई वा दुई भन्दा बढी नगरपालिकाहरूको सहभागितामा सञ्चालन हुने आयोजनाहरूको कूल खर्च लागत प्रत्येक नगरपालिकाको लागि बढीमा औसतमा एक करोडका दरले कायम गरी गणना गरिनेछ । स्थानीय निकाय संयुक्त समितिद्वारा वा सो समितिको निर्णयानुसार सञ्चालन गरिने आयोजनाको हकमा प्रस्तावको अध्ययन गरी कोष सञ्चालक समितिले निर्णय गरे अनुसारको रकम उपलब्ध गराउन सकिनेछ ।

९.४ दफा ९.३ बमोजिम सञ्चालन गरिने आयोजनाको विस्तृत संभाव्यता अध्ययन, नक्सा डिजाइन, इष्टिमेट, इस्पेसिफिकेसन, लाभ लागत विश्लेषण र आयोजना सम्पन्न भएपछिको सञ्चालन तथा व्यवस्थापन प्रकृया सहितको विवरण संलग्न गरेको हुनु पर्नेछ ।

≠ ९.५ एउटै आयोजनालाई एकै आर्थिक वर्षमा सञ्चालन गर्ने गरी उपभोक्ता समितिबाट काम गराउनका लागि टुक्राएर दुई वा सो भन्दा बढी बनाई माग गर्न र तीस लाख रुपैया भन्दा कमका टुक्रे आयोजनालाई जोडेर एउटै आयोजना बनाई माग गर्न पाइने छैन ।

उल्लेखित आयोजनाहरु सञ्चालन गर्न बजेट माग गर्दा आ.व. २०६५/६६ सम्ममा योजना स्वीकृत भई सञ्चालनको क्रममा रहेका भए पनि बाधा पर्ने छैन ।

≠ दोस्रो संशोधनद्वारा संशोधित
+ दोस्रो संशोधनद्वारा थप#



तर आ.ब.२०६६/६७ देखि स्वीकृत बजेटवाट सञ्चालित आयोजनाहरु दफा ९.१ मा परेको मानी त्यस्ता नगरपालिकाहरुले बाँकी रकमको सीमाभित्र रही माग गर्नु पर्नेछ ।

१० **रकम निकासा प्रक्रियाः** जगेडाकोषबाट उपलब्ध गराइने रकमको निकासा देहाय बमोजिम हुनेछः

१०.१ स्थानीय विकास शुल्क कोष सञ्चालक समितिले आयोजनाको लागि बजेट स्वीकृत गरेको बिवरण सहितको जानकारी सम्बन्धित नगरपालिकालाई सात दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

१०.२ आयोजनाको लागि बजेट स्वीकृत भएको जानकारी प्राप्त भएपछि सम्बन्धित नगरपालिकाले स्वीकृत कार्य योजना अनुसार आयोजना कार्यान्वयन प्रकृया आरम्भ गरी बिवरण भरी रकम निकासा माग गर्नुपर्नेछ ।

१०.३ **किस्ता निकासाः** सम्बन्धित नगरपालिकालाई योजनागत अनुदानको रूपमा जगेडाकोषबाट व्यहोरिने रकमको सत्तरी प्रतिशत रकम पहिलो किस्ता बापत निकासा दिइनेछ । यस्तो रकम नगरपालिकाले सम्बन्धित आयोजना बाहेक अन्य कुनैपनि कार्यमा खर्च गर्न सक्ने छैन । दोश्रो तथा अन्तिम किस्ता बापत बांकी तीस प्रतिशत रकम आयोजनागत अनुदानको रूपमा नगरपालिकालाई सोही आर्थिक वर्षभित्र उपलब्ध गराइनेछ । कुनै कारणवस सो आयोजना सोही आर्थिक वर्ष भित्र पुरा नभै निकासा हुन नसकेमा आगामी आ.व.मा रकम निकासा दिइने छैन । उक्त दायित्व रकम भुक्तानीका लागि नगरपालिका र उपभोक्ता समिति नै जिम्मेवार हुनु पर्नेछ ।

१०.४ यो कार्यविधि लागु हुनु भन्दा पहिले स्वीकृत भई सञ्चालनमा रहेका आयोजनाहरुको हकमा २०६७ साल असार मसान्त भित्र सम्पन्न गरी अन्तिम किस्ता निकासा लगिसकेको हुनु पर्नेछ । उल्लिखित समयभित्र कार्य सम्पन्न गरी निकासा लान नसकेमा त्यस्ता दायित्व प्रति नगरपालिका र उपभोक्ता समिति स्वयं नै जिम्मेवार हुनु पर्नेछ ।

१०.५ प्रत्येक आ.व.को *बैशाख १५ गतेभित्र दायित्व सृजनाको रकम कटाई बाँकी मौज्दात रहेको रकम समितिको निर्णयद्वारा

* #हिलो संशोधनद्वारा संशोधित#

नगरपालिकाहरुलाई सशर्त अनुदानको रुपमा उपलब्ध गराउन सकिनेछ ।

≠१०.६ नगरपालिकाको वित्तीय र प्राविधिक क्षमता हेरी कन्टिन्जेन्सी रकम वापत दुई दशमलव पाँच प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ । उक्त रकम मध्येबाट उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको हकमा शुन्य दशमलव पाँच प्रतिशत रकम व्यवस्थापन खर्चका लागि उपभोक्ता समितिलाई उपलब्ध गराउन सक्नेछ । कन्टिन्जेन्सीबाट नगरपालिकाले खर्च गरेको रकमको बिल भरपाईका साथै सो बिल भरपाईलाई पुष्टि गर्ने कागजातको प्रमाणित प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्नेछ ।

१०.७ जगेडाकोषबाट रकम निकासा गर्दा अनुसूची-४ बमोजिमको फाराम प्रयोग गरिनेछ ।

११ **आयोजना कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रमबाट सञ्चालन हुने आयोजनाहरु कार्यान्वयन प्रक्रिया स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछ ।

१२ **आयोजना सम्पन्न गर्नु पर्ने समयावधिः** जगेडाकोषबाट सञ्चालन हुने आयोजनाहरु चालु आर्थिक वर्षको जेष्ठ मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ । [३]सम्पन्न भएका आयोजनाहरुको अन्तिम किस्ता रकम सोही आ.व.को आषाढ महिनाको पन्ध्र गते भित्र मन्त्रालयमा अनुरोध प्राप्त भईसक्ने गरी माग गरिसकेको हुनुपर्नेछ ।

१३ **आयोजनाको अनुगमनः** जगेडाकोषबाट सञ्चालित आयोजनाको अनुगमन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

१३.१ सञ्चालित आयोजनाको नियमित अनुगमन गरी वित्तीय र भौतिक प्रतिवेदन पेश गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

१३.२ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय विकास शुल्क कोष सञ्चालक समितिबाट आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गर्न सकिनेछ । आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गर्न आउने कर्मचारी तथा पदाधिकारीलाई

---

≠ #तेस्रो संशोधनद्वारा संशोधित#

# पहिलो संशोधनद्वारा थप#

#

#



आयोजनासँग सम्बन्धित बिवरण तथा अन्य कागजात उपलब्ध गराउनु सम्बन्धित नगरपालिकाको कतव्य हुनेछ ।

१३.३ जगेडाकोषबाट आयोजनाको निम्ति किस्ता रकम उपलब्ध गराउँदा अनुगमन प्रतिवेदनलाई समेत आधार बनाउन सकिनेछ ।

१३.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण गर्दा स्वीकृत कार्य योजना अनुसार काम नभएको वा जगेडाकोषबाट प्राप्त रकम निर्धारित कार्यमा खर्च भएको नपाइएमा स्थानीय विकास शुल्क सञ्चालक समितिले निर्णय गरी त्यस्तो आयोजना रद्द गर्न सक्नेछ । स्थानीय विकास शुल्क सञ्चालक समितिले कुनै आयोजना रद्द गरेमा उक्त आयोजनालाई उपलब्ध गराईएको किस्ता रकम सम्बन्धित नगरपालिकाले पाउने स्थानीय विकास शुल्कबाट कट्टा गरी जगेडाकोषमा जम्मा गरी हिसाव मिलान गरिनेछ ।

१४ **बिवरण सार्वजनिक गर्नेः** जगेडाकोषबाट सञ्चालित आयोजना सम्पन्न भएपछि आयोजनाको भौतिक उपलब्धी र खर्च सम्बन्धी बिवरण सार्वजनिक गरी सोको एक प्रति सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

१५ **खाता सञ्चालन गर्नेः** यस कार्यविधि बमोजिम जगेडाकोष सञ्चालनको निम्ति स्थानीय विकास शुल्क सञ्चालक समितिको निर्णय अनुसार छुट्टै खाता खोली रकम जम्मा गरिनेछ । जगेडाकोषको खाता सञ्चालन स्थानीय विकास शुल्क सञ्चालक समितिका सदस्य-सचिव र स्थानीय विकास शुल्क सञ्चालक समितिले तोकेको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय आर्थिक प्रशासन शाखाका कुनै एक जना लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

१६ **लेखापरीक्षण गर्नेः** कोषको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ बमोजिम र कोषबाट नगरपालिकाहरूमा उपलब्ध हुने रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम हुनेछ ।

१७ **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयन वा आयोजना सञ्चालन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा स्थानीय विकास कोष सञ्चालक समितिले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१८ **खारेजी र बचाउः** १८.१ जगेडाकोष सञ्चालन कार्यविधि निर्देशिका २०६४ खारेज गरिएको छ ।

१८.२ यो कार्यविधि लागु हुनुभन्दा अगाडि जगेडाकोष सञ्चालन कार्यविधि निर्देशिका, २०६४ बमोजिम भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
### (कार्यविधिको ६ संग सम्बन्धित)
### स्थानीय विकास शुल्क कोष
### नगरपालिकाबाट स्वीकृत आयोजना जगेडाकोष कार्यक्रममा समावेश गर्न भर्नुपर्ने फाराम

१. नगरपालिकाको नाम :-

२. माग गरेको आयोजनाको नाम :-

३. आयोजना स्थल :-

४. आयोजनाको किसिम :-

५. डिजाइन/अध्ययनकर्ता :- (क) परामर्शदाता (ख) नगरपालिका स्वयं

६. अध्ययन/डिजाइन पुरा भएको मिति :-

७. आयोजनाबाट अपेक्षित फाइदाहरू :- (क) ............... (ख) ...............

८. सञ्चालन प्रक्रिया : (क) उपभोक्ता समितिवाट (ख) टेक्कापट्टाबाट
(ग) अन्य

९. आयोजनाको कूल लागत :-
(क) जगेडाकोषबाट माग गरेको रकम :- रू. प्रतिशत :
(ख) लागत सहभागिता :- रू. प्रतिशत :
(ग) सहभागिता मध्ये,
(१) नगरपालिकाबाट रू :
(२) उपभोक्ताबाट रू :
(३) संघ, संस्था तथा अन्यबाट रू :

१०. नगरपालिका बोर्डबाट स्वीकृत मिति :-

११. नगरपरिषद्बाट स्वीकृत भएको मिति :-

१२. आयोजना सुपरिवेक्षण गर्ने प्राविधिकको नाम र दर्जा :-

१३. संलग्न कागजात :-
(क) नगरपालिकाको बैठकबाट योजना स्वीकृत गरेको निर्णयको प्रमाणित प्रतिलिपि
(ख) आयोजनाको स्वीकृत लागत अनुमान, दरविश्लेषण, ड्रइङ डिजाइन, कार्यतालिका सहितको विवरण



(ग) नगरपालिकाबाट कम्तिमा कार्यविधिले तोकेको प्रतिशत लागत सहभागिताको प्रतिवद्धता

| योजना वा प्राविधिक शाखाका प्रमुख | कार्यकारी अधिकृत |
|---|---|
| नाम :- | नाम :- |
| दस्तखत :- | दस्तखत :- |
| मिति :- | मिति :- |

---

द्रष्टब्य : नगरपालिकाले प्रत्येक आयोजनाको लागि यो नमुना अनुसार छुट्टाछुट्टै दरखास्त पेश गर्नु पर्नेछ। दुई वा सो भन्दा बढी नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालन हुने वा सार्वजनिक निजी साझेदारी अन्तरगत सञ्चालन हुने आयोजनाको साझेदारी सम्वन्धी कागजात छुट्टै संलग्न गरी पेश गर्नु पर्नेछ।

## अनुसूची -२
## (कार्यविधिको ७ संग सम्बन्धित)
## स्थानीय विकास शुल्क कोष
## स्थानीय विकास शुल्क जगेडाकोषबाट सञ्चालित आयोजनाको
## प्रथम किस्ता रकम माग फाराम

१. नगरपालिकाको नाम :
२. आयोजनाको नाम :
३. आयोजना स्थल :
४. लगत इष्टिमेट रकम रू. :
५. जम्मा स्वीकृत रकम :
   (क) नगरपालिकाले व्यहोर्ने जम्मा रकम रू. :
   (ख) उपभोक्ता समितिबाट व्यहोरिने जम्मा रकम रू. :
   (ग) जगेडाकोषबाट स्वीकृत भएको जम्मा रकम रू. :
६. आयोजना कार्यान्वयन प्रक्रिया :
   (क) उपभोक्ता समितिवाट (ख) टेक्कापट्टाबाट (ग) अन्य
७. ठेक्कापट्टाबाट गरिएको भएमा
   (क) निर्माण व्यवसायीको नाम :
   (ख) प्रोप्राइटर/व्यवस्थापकको नाम :
   (ग) बोलपत्रको कूल रकम रू. :
   (घ) बोल कबोल गरेको ठेक अङ्क रू. :
   (ङ) लगत इष्टिमेट भन्दा घटी प्रतिशत :
   (च) ठेक्का स्वीकृत गर्ने निकाय :
   (छ) ठेक्का स्वीकृत भएको मिति :
   ज) सम्झौता भएको मिति :
८. उपभोक्ता वा सघ संस्थाबाट गरिएको भएमा
   (क) उपभोक्ता/संघ संस्थाबाट व्यहोरिएको रकम रू ......
   (ख) नगरपालिकाबाट व्यहोरिएको रकम रू .................
   (ग) जगेडाकोषबाट व्यहोरिने रकम रू .......................
९. पहिलो किस्ता वापत जगडा कोषबाट माग भएको रकम रू. :
१०. संलग्न कागजातहरुः
   (क) नगरपालिका र ठेकेदार वा उपभोक्ता समिति वीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,
   (ख) आयोजना कार्यान्वयन कार्ययोजना
   उपर्युक्त अनुसारको बिवरण ठीक साँचो हो । जगेडाकोषबाट व्यहोर्नु पर्ने जम्मा रकम रू............... मध्ये पहिलो किस्ता वापत सत्तरी प्रतिशतले हुने रकम रू. ........... अक्षेरेपी .................... निकासा पाउन अनुरोध छ ।

| ........................................... | ............................ | ........................ |
|---|---|---|
| (योजना/प्राविधिक शाखा प्रमुख) | + (लेखा शाखा प्रमुख) | (कार्यकारी अधिकृत) |

+ दोस्रो संशोधनद्वारा थप



## अनुसुची -३
## (कार्यविधिको ८ संग सम्बन्धित)
## स्थानीय विकास शुल्क कोष
## स्थानीय विकास शुल्क जगेडाकोषबाट सञ्चालित आयोजनाको
## अन्तिम किस्ता निकासा माग फाराम

१. नगरपालिकाको नाम :

२. आयोजनाको नाम :

३. आयोजना स्थल :

४. जम्मा स्वीकृत रकम रू. :
   (क) जगेडाकोषबाट व्यहोरिने रू :
   (ख) नगरपालिका/उपभोक्ताबाट व्यहोरिने रू :
   (ग) प्रथम किस्ता वापतको रकम रूः
   (घ) प्रथम किस्ता प्राप्त मितिः

५. आयोजना कार्यान्वयन प्रकृया :(क) उपभोक्ता समितिवाट
   (ख) ठेक्कापट्टाबाट (ग) अन्य

६. ठेक्का पट्टाबाट गरिएको भएमा
   (क) निर्माण व्यवसायीको नाम :
   (ख) पोप्राइटर/व्यवस्थापकको नाम :
   (ग) बोलपत्रको कूल रकम रू. :
   (घ) बोल कबोल गरेको ठेक अङ्क रू. :
   (ङ) ठेक्का स्वीकृत गर्ने निकाय :
   (च) ठेक्का स्वीकृत भएको मिति :

७. उपभोक्ताबाट गरिएको भएमा
   (क) उपभोक्ताबाट व्यहोरिएको रकम रू :
   (ख) नगरपालिकाबाट व्यहोरिएको रकम रू. :
   (ग) जगेडाकोषबाट व्यहोरिने रकम रू. :

८. कार्य सम्पन्न प्रतिवेदन अनुसारको विवरण :
   (क) संझौता भएको मिति :
   (ख) काम शुरू भएको मिति :
   (ग) काम सम्पन्न गर्नु पर्ने मिति :
   (घ) काम सम्पन्न भएको मिति :
   (ङ) लगत इष्टिमेट र सम्झौता अनुसार आयोजनाको कूल लागत रू. :
   (च) कार्य सम्पन्न प्रतिवेदन अनुसार आयोजनाको कूल लागत रू. :

(छ) लगत इष्टिमट र कार्य सम्पन्न प्रतिवेदनमा फरक रू. :

(ज) नगरपालिकाबाट अन्तिम मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति :

(झ) आयोजना जांचपास परफारक भएको मिति :

+(ञ) आयोजनाबाट प्राप्त मुख्य उपलब्धीको विवरण खुलाउने :

९. किस्ता सम्वन्धि विवरण

(क) जगेडाकोषबाट व्यहोरिने जम्मा रकम रू. :

(ख) जगेडाकोषबाट पहिलो किस्तावाट प्राप्त रकम रू. :

(ग) जगेडाकोषबाट दोश्रो तथा अन्तिम किस्ता वापत माग भएको रकम रू. :

१०. संलग्न कागजात :

(क) योजना संपन्न भएको कार्य संपन्न प्रतिवेदन

(ख) जाचपास तथा फरफारक गरेको नगरपालिकाको निर्णय

(ग) नापी कितावको प्रमाणित प्रतिलिपि

(घ) कन्टिंजेन्सीबाट खर्च गरिएको रकमको औचित्यपूर्ण विलभरपाईको प्रमाणित प्रतिलिपि

उपर्युक्त अनुसारको बिवरण ठीक साँचो हो । जगेडाकोषबाट व्यहोर्नु पर्ने जम्मा रकम रू.........................................मध्ये पहिलो किस्ता वापत सत्तरी प्रतिशतले हुने रकम रू. ..............................................प्राप्त भै सकेकोले वांकी तीस प्रतिशतले हुने रकम रू............................... अक्षेरेपी ................................................................... निकासा पाउन अनुरोध छ ।

| ........................................... | .......................... | ...................... |
|---|---|---|
| (योजना/प्राविधिक शाखा प्रमुख) | + (लेखा शाखा प्रमुख) | (कार्यकारी अधिकृत) |

+ दोस्रो संशोधनद्वारा थप



# अनुसूची -४
## (कार्यविधिको १०.७ संग सम्बन्धित)
## स्थानीय विकास शुल्क कोष
## स्थानीय विकास शुल्क जगेडाकोषबाट सञ्चालित आयोजनाको रकम निकासा फाराम

१. नगरपालिकाको नाम :

२. आयोजनाको नाम :

३. आयोजना स्थल :

४. जम्मा स्वीकृत रकम रू. :

(क) जगेडाकोषबाट व्यहोरिने रू :

(ख) नगरपालिकावाट व्यहोरिने रू :

(ग) उपभोक्ताबाट व्यहोरिने रू :

५. आयोजना कार्यान्वयन प्रकृया :(क) उपभोक्ता समितिबाट

(ख) ठेक्कापट्टाबाट (ग) अन्य

६. ठेक्का पट्टा सम्वन्धी विवरण

(क) निर्माण व्यवसायीको नाम :

(ख) बोलपत्रको कूल रकम रू. :

(ग) बोल कबोल गरेको ठेक अङ्क रू. :

(घ) जगेडाकोषबाट व्यहोर्नु पर्ने रकम रू :

(ङ) ठेक्का स्वीकृत गर्ने निकाय :

(च) ठेक्का स्वीकृत भएको मिति :

७. उपभोक्ता समिति सम्वन्धी विवरण

(क) उपभोक्ताबाट व्यहोरिएको रकम रू :

(ख) नगरपालिकाबाट व्यहोरिएको रकम रू. :

(ग) जगेडाकोषबाट व्यहोरिने रकम रू. :

८. अन्य विवरण

(क) संझौता भएको मिति :

(ख) काम शुरू भएको मिति :

(ग) काम सम्पन्न गर्नु पर्ने मिति :

(घ) काम सम्पन्न भएको मिति :

(ङ) लगत इष्टिमेट र सम्झौता अनुसार आयोजनाको कूल लागत रू. :

(च) कार्य सम्पन्न प्रतिवेदन अनुसार आयोजनाको कूल लागत रू. :

(छ) आयोजना जांचपास फरफारक भएको मिति :

९.	किस्ता सम्वन्धि विवरण

(क) जगेडाकोषबाट व्यहोरिने जम्मा रकम रू. :

(ख) जगेडाकोषबाट पहिलो किस्ता वापत निकासा हुनु पर्ने/भएको रकम रू. :

(ग) जगेडाकोषबाट दोश्रो तथा अन्तिम किस्ता वापत निकासा हुनु पर्ने रकम रू. :

नगरपालिकाबाट प्राप्त किस्ता निकासा मांग फाराम अनुसारको उपर्युक्त बिवरणको आधारमा पहिलो किस्ता/अन्तिम किस्ता वापत रू.......................................... ( अक्षरूपी..................................................................................) निकासा हुन पेश गर्दछु ।

| ...................... | ....................... | .................. |
|---|---|---|
| (पेश गर्ने) | (सिफारिश गर्ने) | (स्वीकृत गर्ने) |
| लेखापाल | शाखा अधिकृत | सदस्य सचिव |